नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :
च.नं. :

## प्रेस विज्ञप्ति

लामखुट्टेको टोकाईबाट लाग्ने डेंगु रोग नियन्त्रणका लागि मिति २०८०/१/१४ गते श्रीमान् मुख्य सचिव श्री शंकरदास बैरागीज्यूको अध्यक्षतामा सरोकारवाला निकायका पदाधिकारीसँग छलफल भई **"साताामा सात मिनेट: लामखुट्टेको लार्भा खोज र नष्ट गर"** अभियान सञ्चालन गर्ने निर्णय भएको छ।

बैठकबाट संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी निकायबाट प्रत्येक हप्ताको शुक्रवार बिहान १० बजेदेखि १०:३० बजेसम्म आ-आफ्नो कार्यालय परिसरमा **खोज र नष्ट गर (Search and destroy)** अभियान सञ्चालन गर्ने लगायतका निर्णय कार्यान्वयनका लागि सरोकारवाला निकायमा पत्राचार समेत भैसकेको अवस्था छ। प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा श्रीमान् मुख्य सचिवज्यूबाट सुरुवात भएको अभियानलाई प्रत्येक शुक्रवार निरन्तरता दिईएको छ। अत: सबै सरकारी तथा सार्वजनिक निकायबाट पनि अभियान सञ्चालन गरी डेगुं रोग नियन्त्रणका लागि कृयाशिल हुन अनुरोध गरिन्छ।

डेंगु रोगको जोखिम नियन्त्रणका लागि सुरुवाती चरणमा नै सावधानी अपनाउनु पर्ने देखिएकोले खुला ठाँउमा पानी संकलन हुन नदिन, घर वरपर सरसफाई गर्न, आवश्यक जनशक्ति तथा उपचार समाग्रीको व्यवस्थापन गर्न र सचेतनामुलक कार्यक्रम सञ्चालन गर्न सबै सरोकारवाला निकायहरु तथा आम सर्वसाधरणहरुबाट साथ र सहयोगको अपेक्षा गरिएको छ।

**२०८० बैशाख २९ गते, शुक्रवार**

**(नारायण प्रसाद भट्ट)**
**प्रवक्ता**

टेलिफोन : ४९७१०००, ४९७१००१, ४९७१०२५, ४९७१०१४, पो.ब.नं.: २३३१२, काठमाडौं, नेपाल
ई-मेल : info@opmcm.gov.np
वेब साइट : http://www.opmcm.gov.np